# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ १७ गते २०५२ साल (अतिरिक्ताङ्क ४३


## भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## राजश्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने व्यवस्था गर्न बनेको

## ऐन

प्रस्तावना: सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नको निमित्त अधिक से अधिक राजश्व परिचालन गर्न भन्सार, अन्त:शुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजश्व संकलनमा वृद्धि गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ र नेपाल अधिराज्य बाहिर जहाँसुकै बसेको भएपनि सबै नेपाली नागरिकलाई र नेपालमा राजश्व चुहावट गरी विदेशमा बस्ने गैर नेपाली नागरिक वा संस्थालाई समेत लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "राजश्व" भन्नाले प्रचलित कानून बमोजिम श्री ५ को सरकारलाई तिर्नु बुझाउनु पर्ने भन्सार महसुल, अन्त:शुल्क, आय कर, मनोरंजन कर, होटल कर, बिक्री कर,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०२४

सवारी साधन कर, घर जग्गा बहाल कर, ठेक्का कर र सम्पत्ति कर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य करलाई समेत जनाउँछ ।

(ख) "राजश्व चुहावट" भन्नाले दफा ४ मा उल्लेख भए बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) "भ्रष्टाचार" भन्नाले कुनै कर्मचारीले दफा ५ मा उल्लेख भए बमोजिम गरेको कुनै कार्य सम्झनु पर्छ ।

(घ) "अनुसन्धान अधिकृत" भन्नाले राजश्व चुहावट वा भ्रष्टाचारको अनुसन्धान तथा तहकिकात गर्न यस ऐन बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले महानिर्देशक आफैले त्यस्तो कसूरको अनुसन्धान तथा तहकिकात गरेकोमा निजलाई समेत जनाउँछ ।

(ङ) "कर्मचारी" भन्नाले प्रचलित कानून बमोजिम गठित नेपाल प्रशासन सेवा अन्तर्गतको राजश्व समूहमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले सो समूहमा काजमा रही कार्यरत रहेका अन्य कुनै निजामती तथा प्रहरी सेवा वा समूहको कर्मचारीलाई समेत जनाउँछ ।

(च) "विभाग" भन्नाले राजश्व अनुसन्धान विभाग सम्झनु पर्छ ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. स्वत: निलम्बन हुने : विभागले कुनै कर्मचारीलाई दफा ९ को उपदफा (४) वा दफा १३ बमोजिम थुनामा राखेकोमा त्यसरी थुनामा रहेको अवधिभर र दफा १८ बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्मको अवधिभर त्यस्तो कर्मचारी आफ्नो पदबाट स्वत: निलम्बन भएको मानिनेछ ।

## परिच्छेद-५
## मुद्दा सम्बन्धी कारबाही र कसूर सम्बन्धी व्यवस्था

१८. मुद्दा दायर गर्ने : (१) राजश्व चुहावटको कसूर सम्बन्धी मुद्दा अनुसन्धान अधिकृतले विभागको स्वीकृति लिई श्री ५ को सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नेछ ।

(२) भ्रष्टाचारको कसूरको आरोप लागेको कर्मचारी उपर दफा १४ बमोजिम विभागीय कारबाही र सजायको लागि अर्थ मन्त्रालयमा लेखी पठाई सकेपछि अनुसन्धान अधिकृतले अर्थ मन्त्रालयको स्वीकृति लिई श्री ५ को सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

१९. श्री ५ को सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

२०. हदम्याद: यस ऐन बमोजिमको कसूरमा मुद्दा दायर गर्ने हदम्याद अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पैंतीस दिनसम्म हुनेछ ।

२१. पुनरावेदन : (१) यस ऐन बमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकारी वा विभागबाट भएको निर्णयबाट मर्का पर्ने व्यक्तिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४६०

राजश्व नतिरी वा नबुझाई राजश्व छलेमा वा छल्ने प्रयत्न गरेमा ।

(घ) कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजश्व नतिरी वा नबुझाई राजश्व छलेमा ।

(ङ) राजश्व तिर्नु, बुझाउनु वा दाखिल गर्नु पर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनु पर्ने राजश्व नतिरेमा वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा ।

(च) राजश्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसित मिलोमतो गरी श्री ५ को सरकारलाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजश्व रकममा हेरफेर वा परिवर्तन गरेमा ।

५. <u>भ्रष्टाचार गरेको मानिने:</u> कुनै कर्मचारीले कुनै रकम, कलम, दै दस्तुर, सलामी, इनाम, बकस, नगदी वा जिन्सी वा कुनै किसिमको मुलाहिजामा परी वा मुलाहिजा गर्ने उद्देश्यले राजश्व असुल गर्ने निर्णय गर्न ढिलाई गरी जुनसुकै किसिमको आर्थिक लाभ वा अन्य कुनै किसिमको लाभ लिई वा नलिई राजश्व



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चुहावट गर्ने कार्य गर्नमा कसैलाई कुनै प्रकारबाट मद्दत गरेमा निजले भ्रष्टाचार गरेको मानिनेछ ।

६. विभागको अधिकार क्षेत्र: (१) कुनै व्यक्तिबाट भएको राजश्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात र तत्सम्बन्धी अन्य कारबाही विभागले गर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत भ्रष्टाचार मानिने कसूर कुनै कर्मचारीले गरेमा त्यस्तो भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात र तत्सम्बन्धी अन्य कारबाही विभागले गर्नेछ ।

तर अनुसन्धान तथा तहकिकात गर्दै जाँदा विभागको अधिकार क्षेत्रभन्दा बाहिरको भ्रष्टाचारको कसूर गरेको देखिएमा विभागले त्यस्तो कसूरको अनुसन्धान तथा तहकिकात गर्न सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

७. राजश्व चुहावट वा भ्रष्टाचारको सूचना: कसैले राजश्व चुहावट वा भ्रष्टाचार गरेको छ वा गर्न लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी विवरण वा सबूद प्रमाण खुलाई सो कुराको सूचना लिखित वा मौखिक रुपमा विभाग समक्ष दिन सक्नेछ । त्यस्तो सूचना कुनै व्यक्तिले आफ्नो नाम नखुलाई वा आफ्नो नाम गोप्य राख्ने शर्तमा दिन सक्नेछ ।

## परिच्छेद-३
## अनुसन्धान तथा तहकिकात

८. विभागले अनुसन्धान तथा तहकिकात गर्नु पर्ने: राजश्व चुहावट वा भ्रष्टाचारको सम्बन्धमा दफा ७ बमोजिम विभाग समक्ष प्राप्त हुन आएको सूचना वा अन्य कुनै श्रोतबाट प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको जानकारीको आधारमा विभागले तीस दिनभित्र यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकात गरी कारबाही चलाउनु पर्नेछ ।

९. अनुसन्धान तथा तहकिकात सम्बन्धी विभागको अधिकार: (१) यस ऐन बमोजिम विभागले राजश्व चुहावट वा भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) सम्बन्धित कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध कागजात वा प्रमाणको लिखत वा अन्य कुनै कुरा विभागमा पठाउन वा निश्चित समयभित्र विभाग समक्ष पेश गर्न आदेश दिने, वा

(ख) राजश्व चुहावट वा भ्रष्टाचारको कसूरको आरोप लागेको व्यक्ति वा सम्बद्ध तथ्यहरुको जानकारी भएको भन्ने विभागले सम्झेको व्यक्तिलाई उपस्थित गराई निजलाई सोधपुछ गर्ने र निजको बयान लिने ।

(२) राजश्व चुहावट वा भ्रष्टाचारको कसूरको आरोप लागेको व्यक्तिसित विभागले बयान लिई सकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकतानुसार थुनामा राख्न वा खोजेको बखत हाजिर हुने कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(३) भ्रष्टाचारको कसूरको आरोपमा कारबाही चलाइएको कर्मचारी पदमा रही रहँदा आफ्नो विरुद्धको प्रमाण लोप वा नष्ट गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिव कारण भएमा त्यस्तो कर्मचारीलाई पदबाट निलम्बन गर्न विभागले अर्थ मन्त्रालयलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखी पठाउनु पर्नेछ । यसरी लेखी आएमा अर्थ मन्त्रालयले तत्काल निलम्बन गर्ने कारबाही गर्नु पर्नेछ ।

(४) राजश्व चुहावट वा भ्रष्टाचारको कसूरको आरोपमा कारबाही चलाइएको व्यक्ति वा कर्मचारी फरार भै बेपत्ता हुन सक्तछ भनी सम्झनु पर्ने कुनै मनासिव कारण भएमा वा बिगो हानी नोक्सानी भएको देखिएमा विभागले निजसंग बिगो र निजलाई हुन सक्ने जरिवानाको रकम बराबर धरौटी वा जमानत मागी तारेखमा छोड्न सक्नेछ र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ ।

(५) विभागले समय तोकी कुनै लिखत वा अन्य कुनै वस्तु पेश गर्न वा कुनै कुराको जानकारी दिन सम्बन्धित कार्यालय वा सम्बन्धित कर्मचारीलाई लेखी पठाएको वा कुनै व्यक्तिलाई विभाग समक्ष उपस्थित हुन आदेश दिएकोमा,-

(क) सो बमोजिम तोकिएको समयभित्र सो कार्यालयले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा विभागले सम्बन्धित कार्यालय प्रमुख उपर विभागीय कारबाही चलाउन अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्नेछ र यसरी लेखी आएमा अर्थ मन्त्रालयले तत्काल कारबाही चलाउनु पर्नेछ ।

(ख) सो बमोजिम तोकिएको समयभित्र त्यस्तो कर्मचारीले लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा वा त्यस्तो व्यक्ति विभागमा उपस्थित नभएमा निजलाई विभागले एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४०

(६) उपदफा (५) बमोजिम विभागीय कारबाही वा जरिवाना भएपछि पनि कुनै कार्यालय, कर्मचारी वा व्यक्तिले विभागको आदेशको पालना नगरेमा सो कार्यालयको प्रमुख, कर्मचारी वा त्यस्तो व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन विभागले तोकिए बमोजिम पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेश गर्न, गराउन वा निजबाट आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको कार्यालय प्रमुख, कर्मचारी वा व्यक्तिले विभाग समक्ष त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा तत्सम्बन्धी जानकारी नदिएमा निजलाई विभागले बढीमा सात दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ ।

(७) आवश्यकतानुसार प्रचलित कानून बमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिँदा आवश्यक देखिएको कुनै वस्तु वा कागजपत्र विभागले आफ्नो कब्जामा लिन वा त्यस्तो कागजपत्रको प्रतिलिपि उतार्न सक्नेछ । विभागले यसरी कब्जामा लिएको वस्तु वा कागजपत्रको भरपाई दिनु पर्नेछ ।

१०. <u>अनुसन्धान अधिकृत तोक्न सक्ने</u> : (१) यस ऐन बमोजिम राजश्व चुहावट वा भ्रष्टाचार सम्बन्धी कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात महानिर्देशकले आवश्यकतानुसार आफैं गर्न वा विभागको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृत भई काम गर्न तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यकतानुसार अन्य सरकारी निकाय वा सरकारी कर्मचारीलाई यस ऐन बमोजिम राजश्व चुहावट वा भ्रष्टाचार सम्बन्धी कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने काम गर्न तोक्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. <u>अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐन बमोजिम गरिने अनुसन्धान तथा तहकिकातको सम्बन्धमा अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजश्व चुहावट वा भ्रष्टाचारको कसूर अनुसन्धान अधिकृतको उपस्थितिमा भएमा कसूरदारलाई पक्राउ गरी कारबाही चलाउने ।

(ख) राजश्व चुहावट वा भ्रष्टाचारको कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दा वा सबूद प्रमाण संकलन गर्दा कसूरमा मुछिएका व्यक्तिलाई पक्राउ गर्ने, कुनै सरकारी, अर्ध सरकारी वा गैर सरकारी कार्यालय, गोदाम वा आवश्यकतानुसार अन्य कुनै स्थानको खानतलासी लिने, त्यस्तो गोदाम वा स्थानलाई सील गर्ने, सम्बन्धित कागजपत्र वा मालवस्तु आफ्नो कब्जामा लिने, अभियुक्तको बयान लिने, सरजमीन मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाएको सबै अधिकार निजले प्रयोग गर्न सक्ने ।

(ग) अनुसन्धान तथा तहकिकात गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी राख्न वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जमानी दिन नसकेमा थुनामा राख्ने बारे प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारीलाई भए सरहको अधिकार पनि अनुसन्धान अधिकृतले प्रयोग गर्न सक्ने ।

(घ) यस ऐन अन्तर्गतको काम कारबाही गर्दा आफ्नो ओहदाको हैसियतले ज्ञात हुन आएको कुनै कुरा वा दाखिल भएको कागजपत्रको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भंग नगर्ने ।

तर त्यस्तो कुरा वा कागजपत्र अन्य मुद्दा मामिलाको निमित्त आवश्यक प्रमाण लाग्ने किसिमको छ भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा निजको आदेशबाट कानूनद्वारा अधिकृत व्यक्तिका समक्ष त्यस्तो कुरा वा कागजपत्रको गोप्यता सम्बन्धी कुरा व्यक्त गरेमा गोप्यता भंग गरेको मानिने छैन ।

(ङ) यस ऐन बमोजिम अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै मालवस्तु वा कागजपत्र कब्जा गर्नु पर्दा सोको निस्सा सम्बन्धित कार्यालय वा व्यक्तिलाई दिई त्यस्तो मालवस्तु वा कागजपत्र सुरक्षित रुपमा राख्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८३